स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दिनेश राउत निर्देशित फिल्म 'महाभोज'लाई पोखरामा प्रिमियर गरिएको छ। काठमाडौंपछि पर्यटकीय राजधानी पोखरामा यो सोसल ड्रामा फिल्मको प्रिमियर गरिएको हो। प्रिमियरमा प्रमुख कलाकार आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, बुद्धि तामाङ, निर्देशक राउत, निर्माता हिमाल कडरिया लगायत सहभागी थिए। फिल्म हेरेपछि दर्शकले कथा, वाचन शैली र कलाकारको अभिनयको प्रशंसा गरे।

**आजको विचार...**



प्रतिशोध...
(दुई पेजमा)

प्रा. देवीभक्त ढकाल

'परदेशी २' र 'पूर्ण बहादुरको सारङ्गी'को व्यावसायिक सफलतापछि गायक तथा अभिनेता प्रकाश सपुतलाई फिल्म अफरको ओइरो लागिरहेको छ। उनले एकै वर्ष ४/५ वटा फिल्मसम्म सम्झौता गरिरहेका छन्। गत वर्ष 'सोल्टिनी', 'हरिबहादुरको जुत्ता', 'माइतीघर' र 'परालको आगो'मा आबद्ध भएका उनी अब नयाँ फिल्म 'मिरमिरे'मा जोडिएका छन्। यम शेर्पाको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्ममा प्रकाशअघि अभिनेता दयाहाङ राई अनुबन्धित भइसकेका छन्।



❐ वर्ष ३० ❐ अंक ३१६ ❐ २०८२ जेठ २८ गते बुधबार 11 June 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रेलबाट खस्दा चारको मृत्यु

(रासस/सिन्ह्वा)

**नयाँ दिल्ली,** जेठ २७/भारतको महाराष्ट्र राज्यमा अत्यधिक भीड भएको लोकल रेलको यात्राका क्रममा यात्रुहरू रेलबाट खस्दा कम्तीमा चार जनाले ज्यान गुमाएका छन् भने नौ जना घाइते भएका छन् । उक्त दु:खद घटना सोमबार मुम्ब्रा रेल्वे स्टेशन नजिकै भएको हो, जुन मुम्बई शहरबाट करिब ४४ किलोमिटर टाढा पर्छ, । रेल प्रशासनका अनुसार, दुई लोकल रेलहरू एकअर्कासँग नजिकैबाट गुडिरहेकै समयमा दुवै रेलका ढोकामा झुण्डिएर यात्रा गरिरहेका यात्रुहरू आपसमा ठोक्किएका थिए, जसका कारण केही यात्रु रेलबाट खसेका थिए । स्वास्थ्य अधिकारी कैलास पवारका अनुसार, 'घटनामा १३ जना घाइते भएका थिए, जसमध्ये चार जनाको दु:खद निधन भएको छ । गम्भीर घाइतेहरूको विशेष उपचार भइरहेको छ । अहिले सात जना छत्रपति शिवाजी महाराज अस्पतालमा भर्ना छन् ।' मध्य रेलका प्रवक्ता स्वप्निल धनराज निलाले यसलाई रेल ठोक्किने दुर्घटना नभई अत्यधिक भीडका कारण भएको घटना भएको स्पष्ट पारे। प्रशासनले घाइतेहरूको उपचारमा कुनै कसर बाँकी नराखी राहत तथा उद्धार कार्यमा तिव्रता दिएको छ । साथै, घटनाबारे विस्तृत छानबिन सुरु भइसकेको जानकारी दिइएको छ ।

# उद्योगले उखु किसानको जीवनस्तरमा सुधार

*पछिल्लो समय उखुको उचित मूल्य र बजारीकरणका लागि पालिकाले वडा नं ४ मा 'थोग्रेली गुड खुदो उद्योग' स्थापना गरेको छ । जसबाट स्थानीयले एकातर्फ उखुको झण्डै दोब्बर मूल्य पाएका छन् भने अर्कोतर्फ गाउँमै रोजगारी समेत सिर्जना भएको छ ।*

**रासस**

**तम्घास,** जेठ २७/गुल्मीको रूरूक्षेत्र गाउँपालिका-३ थोर्गा पानीट्याङ्कीका गोविन्द ज्ञवालीको पुर्ख्यौली पेसा थियो उखुखेती । उनले उखुबाट खुदो र गुड बेचेरै आम्दानी गरिरहेका छन् । ज्ञवालीले ढाई रोपनी जग्गामा गरेको उखु खेतीबाट वार्षिक ५८ हजार आम्दानी गर्दै आएका छन् । उखु खेती बाहेक परिवार अन्य कृषि पेशामा आवद्ध छ भने गोविन्दले गाउँमै स्थापना भएको गुड खुदो उद्योगमा काम गर्छन् ।



केही उखु बीउको लागि पनि राखेको राम्रो आम्दानी भइरहेकाले विदेश जाने कुनै योजना नभएको गोविन्द बताउन्छन् । रूरूक्षेत्रमा गोविन्दजस्तै उखु खेतीबाट धेरैले मनग्य आम्दानी गरिरहेका छन् । रूरूक्षेत्र गाउँपालिका उखु खेतीको लागि प्रख्यात मानिन्छ । पालिकाभरी करिब तीन हजार रोपनीमा अहिले उखु खेती भइरहेको छ । पछिल्लो समय उखुको उचित मूल्य र बजारीकरणका लागि पालिकाले वडा नं ४ मा 'थोग्रेली गुड खुदो उद्योग' स्थापना गरेको छ । जसबाट स्थानीयले एकातर्फ उखुको झण्डै दोब्बर मूल्य पाएका छन् भने अर्कोतर्फ गाउँमै रोजगारी समेत सिर्जना भएको छ । उद्योगबाट उखुको रसबाट गुड, खुदो र मिठाइ उत्पादन हुदैँ आएको छ । जसले गर्दा उखु किसानको जीवनस्तर नै फेरिएको छ । उखु किसानलाई एकीकृत गरी उद्योग स्थापना गर्नको लागि रूरू बहुउदेश्यीय सहकारी संस्था लिमिटेड गठन भयो । सहकारीमा हाल एक सय १० कृषि आवद्ध छन् । 'थोग्रेली गुड खुदो उद्योग' पनि यसै सहकारीमार्फत संचालन भइरहेको छ । उद्योगले अहिले कृषकको बारीमै पुगरे उखु खरिद गर्दछ । उद्योगले गत माघ महिनाभर प्रतिकेजी ११ तथा फागुन महिनादेखि हालसम्म प्रतिकेजी १२ रूपैंयामा उखु खरिद गरिरहेको छ । उद्योगले ल्याएको उखु पेलेर खुदो पकाउने, गुड तथा गुडका मिठाई बनाउने काम गरिरहेको रूरू कृषि परियोजनाका संयोजक प्रकाश चालिसेले जानकारी दिए ।

**उद्योगबाट रोजगारी सिर्जना**

रूरूमा स्थापना भएको उद्योगले स्थानीयस्तरमा रोजगारीसमेत सिर्जना गरेको छ । स्थानीय हरि सेनानीले पहिले दुवैको कम्पनीमा काम गरे । केही सयमअगाडि घर आएका उनले गाउँमै स्थापना भएको उद्योगमा काम पाए । अहिले उनले उखु खुदो पकाउने, गुड बनाउने र प्याकेटिङ्गो काम गर्छन् । "विदेशमा अरूको दबाबमा धेरै काम गर्नुपर्थ्यो, यहाँ साथीभाइसँगै काम गर्न पाइएको छ," उनले भने, "यहाँको उद्योगमा काम गर्दा पारिवारिक वातावरण छ ।" सोही उद्योगमा गुड प्याकेटिङको काम गर्ने सीता पन्थलाई उद्योगमा काम सुरू गरेदेखि दैनिक घरखर्च चलाउन निकै सहज भएको छ । काम गरेर मासिक १२ हजार कमाउने उनले सहकारीको शेयर सदस्य भएको कारणले काम पाएको बताइन् । उद्योग स्थापनादेखि नै काम गर्दै आएकी कल्पना राईले पनि अहिले सानोतिनो खर्चको लागि श्रीमानसँग घरखर्च माग्नु नपरेको बताइन् ।

*-बाँकी अन्तिम पेजमा...*

## नागरिकता विधेयक पारित



**पाल्पा,** जेठ२७/प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिबाट नागरिक विधेयक पारित भएको छ । मंगलबार बसेको समिति बैठकले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मत रूपमा पारित गरेको हो ।

सरकारले नेपाल नागरिकता ऐन, २०६३ लाई दोस्रो पटक संशोधन गर्न विधेयक ल्याएको थियो । समिति सभापति रामहरि खतिवडाले नेपाली नागरिकलाई नागरिकताविहीन हुने अवस्था अन्त्यका लागि सरकारले ल्याएको उक्त विधेयक पारित भएको जानकारी दिए । विधेयकमा आमा वा बाबुको नामबाट नागरिकता प्राप्त हुने व्यवस्था छन् । पहिले नागरिकता लिनका लागि आमा र बाबु अनिवार्य हुन्थ्यो । आमाको नामबाट नागरिकता लिँदा स्वघोषणा भने गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यसरी गरिएको स्वघोषणा गलत ठहरिएमा १ वर्षसम्म कैद र जरिवानाको व्यवस्था पनि राखिएको छ ।

आमाको नामबाट नागरिकता प्राप्त गर्ने कानुन नहुँदा नागरिकताविहीनको संख्या ठूलो रहेको भन्दै सरकारले यो विधेयक ल्याएको थियो । त्यस्तै, नागरिकता कार्यालय प्रमुखको भूमिकामा रहेका नायब सुब्बाले पनि दिने व्यवस्था विधेयकमा राखिएको छ ।

## व्यस्थित गरिदैं जन्तीलुङ्ग र मरामकोट होमस्टे

**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ २७/जिल्लाको तिनाउ गाउँपालिका-६ जन्तीलुङ्ग र वडा नं. ५ मरामकोटमा घरवास (होमस्टे )कार्यक्रम शुरु भएको छ । लुम्बिनी प्रदेश सरकार र तिनाउ गाउँपालिकाको आर्थिक सहयोगमा सशक्तिकरण विकास नेपाल पाल्पाको आयोजनामा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अर्न्तगत दुवै वडाका होमस्टे सञ्चालक तथा भविष्यमा पाहुना राख्ने घरधनीहरुलाई एक हप्ते होमस्टे सञ्चालन, व्यबस्थापन तथा कुक तालिम शुरु भएको छ ।




तालिमको गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले उद्घाटन गरे । तालिम कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष श्रेष्ठले स्वर्गको टुक्राको रुपमा रहेको जन्तीलुङ्ग र मरामकोटलाई अबका दिनमा पैसा कमाउने युरोप र अमेरीका बनाउन सकिने बताए । अहिले बुटवल भैरहवामा गर्मी भएर बस्न सकिने अवस्था छैन् तर मस्यामको जन्तीलुङ्ग र मरामकोटमा जाडो भएर जेठ असारमा ज्याकेट लगाउनु पर्ने अवस्था छ । प्रकृतिले दिएको स्वर्गको टुक्रामा पाहुना बोलाएर मनग्गे आम्दानीको स्रोत बढाउन सकिने पालिका अध्यक्ष श्रेष्ठले बताए । "स्वर्गको टुक्रामा हामीले पाहुनाहरुलाई व्यस्थित रुपमा राख्न, स्थानीय परिकार खुवाएर खुसी बनाउन, यहाँको प्राकृतिक वातावरणमा रमाउने गराउन स्थानीयवासीहरुलाई होमस्टे प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याएका हौं ।"

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## गरिखाने शिक्षाको खाँचो

मानवजीवनको चौतर्फी विकासका लागि जीवनोपयोगी शिक्षा अपरिहार्य हुन्छ । तर शिक्षाका नीति तथा कार्यक्रम श्रमप्रति आस्था र विश्वास राख्ने लगनशील पौरखी नागरिक उत्पादन गर्ने उद्देश्यमा केन्द्रित हुन नसकेको छैन् । जसले गर्दा पढेर पनि मानिस बेरोजगार बस्नु परेको छ । हाम्रो शिक्षा व्यवहारिक र जीवनउपयोगी हुन नसक्दा नेपालीहरू रोजगारीका लागि लाखौं रुपैयाँ खर्च गरेर खाडी मुलुकमा कष्टपूर्ण काम गर्न पुगेका छन् ।

पढाइ राम्रो भएर भन्दा पनि अवसरमुखी अर्थात् रोजगारमुखी अध्ययन अहिलेको आवश्यकता हो । यसको मतलव अब गुणस्तरीय शिक्षाका नाममा अब्बल प्राप्तांक ल्याउनुमात्रै होइन 'टिक्ने–बिक्ने सिकाइ' अर्थात् 'गरिखाने शिक्षा' हुन आवश्यक छ । अब हिजोको जस्तो घोकेर पास गर्ने, यसपछि प्रमाणपत्र लिएर माथि कक्षा चढ्ने भन्ने भन्दा पनि शिशु कक्षादेखि नै हाम्रो समाज, रोजगारजस्ता आर्थिक पाटोसँग जोडेर सिप सिकाउनुपर्छ ।

समयको मागअनुसार देश तथा विदेशका श्रमबजारमा खरो प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति आजको आवश्यकता हो । रोजगारीका लागि भौंतारिनेभन्दा पनि रोजगारी सिर्जना गर्न सक्ने प्रतिभाशाली शिक्षित जनशक्ति उत्पादन गर्ने शिक्षाले मात्र बेरोजगारी समस्या हल गर्न सक्छ । प्राविधिक शिक्षाले रोजगारीका अवसर प्राप्त गर्न सहज हुन्छ । तर, कुन क्षेत्रमा कस्ता प्राविधिक कति चाहिन्छन् भन्ने भविष्यदर्शी योजनाको अभाव र हचुवाका भरमा कार्यक्रम ल्याउने प्रवृत्तिका कारण पनि आवश्यक प्राविधिक जनशक्तिको अभाव खट्किएको छ । विद्यालय शिक्षा पार गरेका युवालाई भविष्यको शैक्षिक यात्राको सही मार्गदर्शन दिन नसकेमा त्यसको नकारात्मक असर परिवार, समाजदेखि देशले नै भोग्नुपर्ने हुन्छ । साधारण शिक्षा मात्र अध्ययन गर्ने प्रवृत्तिका कारण देशमा बेरोजगारीको विकराल समस्या बढ्दै गएको छ । यस्तो अवस्थामा सीपमूलक गुणस्तरीय प्राविधिक शिक्षा वरदान साबित हुन सक्छ । शिक्षाले व्यवहारमा परिवर्तन ल्याउनुपर्छ । यसर्थ माछा मारेर खुवाउनेभन्दा पनि माछा मार्न सिकाउने खालको जाँगरिलो र पौरखी शिक्षा अहिलेको आवश्यकता हो । यसतर्फ सरकार र सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network


छाडिदेऊ मित्र प्रेमका कुरा, लक्ष्यमा ध्यान देऊ,
ताकि पछि टुटेको मन होइन जोडिएको भविष्य मिलोस् ।
*(तारा देवकोटाको फेसबुक स्टाटस https://www.facebook.com/Tara.Devkota)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रतिशोध कि सुशासनको अभ्यास ?



प्रा. देवीभक्त ढकाल

***माधव नेपालले प्रधानमन्त्रीको हैसियतले मन्त्रिपरिषद्बाट गरेको जग्गा घोटालाको निर्णयले जब न्यायालय प्रवेश पायो यो घटना नेपालमा सर्वाधिक चर्चा र चासोको विषय भएको छ । लाग्छ यी आफूलाई कानुनभन्दा माथि ठान्ने, मान्नेहरूको मन र मस्तिष्कमा एक प्रकारको भूइँचालो गएको छ ।***

न्यायालय वा कुनै मध्यस्थताका माध्यमले गतिरोध अन्त्य हुन्छ भने त्यो न्याय हो । जहाँ कानुनी प्रक्रियालाई छोडेर विवादको समाधान क्रोध वा बाहुबलका माध्यमले खोजिन्छ भने त्यो प्रतिशोध हो तर नेपालका न्यायालयमा कांग्रेस, एमाले र माओवादीका कार्यकर्ता नियुक्त छन् । तसर्थ ओलीले न्यायाधीशहरू प्रयोग गरेर माधव नेपालको सन्दर्भमा प्रतिशोध लिँदैनन् भन्न सकिने अवस्था छैन । न्यायालय नै प्रतिशोधको हतियार भयो भने कानुनी राज्यको के हविगत होला ? सामान्य जनजीवनमा या राजनीतिमा प्रतिशोधलाई अनुचित मानिन्छ तर केही राजनीतिशास्त्रीको के तर्क छ भने कहिलेकाहिँ प्रतिशोधको उपयोग राजनीतिमा हुन आवश्यक छ । प्रतिशोध नकारात्मक शब्दावली हो जसले व्यक्ति, समूह हुँदै पूरै समाजको विश्वास भंग गर्न सक्छ । प्रतिशोध यदि शृंखलाबद्ध भयो भने विनाशकारी अस्त्र हो । ओलीले अख्तियारमार्फत नीतिगत निर्णयबाट हुँदै आएको भ्रष्टाचारलाई रोक्न यो विधि प्रयोग गरेका हुन् र प्रयोग सबैलाई समान रूपमा हुन्छ, यो नीतिगत भ्रष्टाचाररूपी जीर्ण रोगको उपचार हुन्छ, ओली स्वयं जेल जान तयार छन् भने यो ओलीको भ्रष्टाचारको प्रायश्चित्त भन्दा हुन्छ । सुशासनको सुरुवात हो भने जनताको सौभाग्य हो तर माधव नेपाल एकजनालाई प्रतिशोध लिने र उनी एक्लैलाई बलिको बोका बनाउने हो भने अग्रगमन र सुशासनको अभ्यास नभएर यो निरंकुशताको तरबार हो । भ्रष्टाचार र लुटतन्त्रलाई मलजल गर्ने अर्को दुष्प्रयास हो । माधव नेपालले प्रधानमन्त्रीको हैसियतले मन्त्रिपरिषद्बाट गरेको जग्गा घोटालाको निर्णयले जब न्यायालय प्रवेश पायो यो घटना नेपालमा सर्वाधिक चर्चा र चासोको विषय भएको छ । लाग्छ यी आफूलाई कानुनभन्दा माथि ठान्ने, मान्नेहरूको मन र मस्तिष्कमा एक प्रकारको भूइँचालो गएको छ । गणतन्त्रपछि कानुन र संविधानले नचिन्ने अघोषित राजाहरू कानुनभन्दा माथि हुन् भन्ने मान्यता राख्नेका लागि नीतिगत निर्णयका कारण पूर्वप्रधानमन्त्री माधव नेपालको न्यायालय हुँदै जेलसम्मको यात्राको सम्भावना सबै पूर्वप्रधानमन्त्रीलाई कत्ति पनि पचेको छैन । हाम्रो पालो पनि आउँछ र जेल जानुपर्छ भन्ने चिन्ताले सबै अत्तालिएका छन् । फसिन्छ भन्ने पक्का छ । मनको बाघबाट लखेटिएका छन् तर माधव नेपालको नीतिगत निर्णयबाट भएको भ्रष्टाचारको मुद्दा न्यायालयमा पुग्दामात्र पनि नेपालीहरू यो सुशासनको पूर्वाभ्यास हो जस्तो आशावादी अभिव्यक्ति दिन थालेका छन् ।

घटनाक्रम क्रिया वा प्रतिक्रियामा मात्रै सीमित नभएर राज्यलाई ठग्ने निर्णय गर्ने सबै दण्डित हुनुपर्छ भन्ने विषय जनताको चासोका विषय हुन् । नीतिगत निर्णय गर्ने सबैलाई कानुनको कठघरामा शीघ्र उभ्याइनुपर्छ चाहनालाई अख्तियारको यो टिमले विशेष सम्मान गरेको छ । यो परिघटनाले नेपालीहरूमा खुशीको तरंग नआओस् पनि किन ? नीतिगत निर्णयका माध्यबाट ठूलाठूला भ्रष्टाचार गर्दै आएका पूर्वप्रधानमन्त्रीहरूको अब जेल जानुपर्छ भन्ने विश्वास बढ्दै गर्दा शेरबहादुर, पुष्पकमलदेखि झलनाथ सबैको अहिले ओठतालु सुकेको अभिव्यक्ति सञ्चारमाध्यममा छ्यासछ्यास्ती पाइन्छ । अहिलेसम्म प्रधानमन्त्रीको कुर्सीमा बस्नेहरू सबैले निःशन्देह भ्रष्टाचार गरेका छन् । त्यो नीतिगत, सामाजिक वा आर्थिक भ्रष्टाचार आदि थुप्रै पर्दछन् । कानुनलाई छल्न सधैं पद र शक्तिको दुरुपयोग गर्ने भ्रष्टाचारको नाम हो नीतिगत भ्रष्टाचार । नीतिगत भ्रष्टाचारमा अख्तियारले कारबाही गर्न नपाउने भनेको प्रधानमन्त्रीलाई भ्रष्टाचार गर्न छुट दिने व्यवस्था हो । के ठूलो पदमा हुनेहरूलाई कानुन नै आकर्षित नहुने हो भने राजतन्त्र के आधारमा बेठिक थियो ? कानुनको दृष्टिमा सबै समान भन्ने वाक्यांशलाई मन्त्रिपरिषद्बाट हुने नीतिगत भ्रष्टाचारले चुनौती दिँदै आएको विषयलाई अख्तियारले सम्बोधन गर्ने ऐतिहासिक प्रयासले सुशासनको अभ्यास हुँदै त छैन भन्ने सन्देश दिएको छ । माधव नेपाललाई नीतिगत भ्रष्टाचारमा मुद्दा दायर गरेपछि अब सरकारले नीतिगत निर्णयलाई छानबिन गर्ने छुट्टै निष्पक्ष आयोग बनायो र सबैलाई कारबाही सुरु गऱ्यो भनेमात्रै ओली वास्तवमा सुधार चाहन्छन् भन्ने पुष्टि हुन्छ । अख्तियार प्रमुखको नियुक्ति ओलीको कार्यकालमा भएको हुनाले माधव नेपालबाट कारबाहीको सुरुवात हुँदा प्रतिशोधपूर्ण छ भन्ने भनाइलाई चिर्न अन्य पूर्वप्रधानमन्त्रीहरूसँग सम्बन्धित काण्डलाई पनि न्यायालयसम्म पुऱ्याउने काम भयो भने प्रतिशोधपूर्ण नभएर अन्याय र गलत गर्नेलाई अब दण्डित गर्ने सुरुवात हो भन्ने विश्वास दिलाउन अख्तियारले सक्नुपर्छ । त्यसैले उच्चपदस्थलाई छानविन र न्यायिक निरूपण हुनुभन्दा पहिल्यै नियन्त्रणमा नराखिकन स्वच्छ र निष्पक्ष न्याय सम्पादन हुन नसक्ने भएका यस्ता उच्चपदस्थलाई हिरासतमा राखेर कारबाही गर्नुपर्छ । हिरासतको व्यवस्था सामान्य नागरिकका लागि मात्रै होइन उच्चपदस्थलाई हो भन्ने नजिर स्थापित गर्न माधव नेपाललाई हिरासतमा राख्नुपर्छ । हतकडी सबैका लागि बनेका हुन् नकि सामान्य नागरिकका लागि भन्ने कुराको सन्देश यस्ता घटनाले दिन सक्नुपर्छ । अपराध सानुले गरे पनि ठूलोले गर्दा पनि त्यो अपराधै हुन्छ । सबैले कारबाहीको कठघरामा उभिनुपर्छ भन्ने नजिर महत्वपूर्ण भएको छ । अब ठूलो र सानुको बीचको विभेदलाई मेट्न पनि माधव नेपाललाई हिरासतमै राख्नुपर्छ । सामान्य मानिसले मुद्दा खेप्दा कसरी खेप्नुपर्छ त्यो स्ट्यान्डर्डलाई सरकारका निकायले पालन गराउन चुक्नु हुँदैन । मन्त्रिपरिषद्का निर्णय भनेको त जघन्य अपराधका स्थायी रेकर्ड हुन् भन्दा हुन्छ । नेपालमा ठूलाठूला भ्रष्टाचार र सरकारी सम्पत्तिको दोहन गरेर आफू र आफ्नालाई पोस्ने काम नीतिगत निर्णयहरूका माध्यमले भएको हुनाले नै यी निर्णयहरूमा अख्तियारले मुद्दा चलाउन नपाउने जुन अभ्यासको सुरुआत हिजो थियो त्यसको क्रमभद्रताले अब सुशासनको युगको सुरुआत भएको त होइन भन्नेहरू अहिले आशावादी छन् । नीतिगत निर्णयको बिन्दुबाट राजनीतिमा भ्रष्टाचार र अनियमितता र कुशासनको जग बसाउने काम भयो । नीतिगत निर्णयमा मन्त्री र कर्मचारी दोषी हुने तर प्रधानमन्त्रीले उन्मुक्ति पाउने व्यवस्थाले भ्रष्टाचारलाई मलजल गरेको हो । माधव नेपाललाई प्रतिशोध वा निषेधको राजनीतिका कारण नै किन नहोस् सबै प्रधानमन्त्रीहरूबाट भएको नीतिगत निर्णयका माध्यमबाट भएका त्रुटिलाई यदि सबै दण्डित हुने व्यवस्था हुन सक्यो भने अख्तियारको यो निर्णयलाई ऐतिहासिक हुनेछ । उनीहरूको सम्पत्ति छानबिन गर्ने हो भने पनि भ्रष्टाचार सजिलै पुष्टि हुन्छ । खासगरी नीतिगत निर्णयमा अख्तियारले हेर्न नपाउने, उजुरबाजुर नै नलाग्ने व्यवस्था भनेको प्रधानमन्त्रीको पदमा विराजमान भएपछि ऊ भ्रष्टाचार गर्ने छुट पाउँछ भन्ने प्रावधान हो । यो सर्वथा गलत विषयलाई यदि सच्याउने काम माधव नेपालको सन्दर्भमा अख्तियारले र अग्नि सापकोटाको सन्दर्भमा सर्वोच्च अदालतले गरेका हुन् भने यो अहिलेसम्मकै उत्तम जनपक्षीय निर्णय र फैसला भन्नुपर्छ । यस्ता निर्णय र फैसला दशकौं पहिल्यै हुनुपर्ने थियो तर ढिलै भए पनि यस्ता निर्णयले अख्तियार र सर्वोच्चको शाख र प्रतिष्ठालाई अग्लो बनाउने इँटा थपिएको छ । यहाँ ठूलालाई चैन र सानालाई ऐन भन्ने कुरा अहिलेसम्म व्यवहारमा लागू हुँदै आएको परिस्थितिको यथार्थमा क्रमभंगता हो भने यो स्वागतयोग्य कदम भन्नुपर्छ । यो माधव नेपाल र अग्नि सापकोटामा मात्रै सीमित नभएर यसको प्रत्यक्ष प्रभाव निकट भविष्यमा नै केपी शर्मा ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल एण्ड कम्पनीमा पनि बिनाभेदभाव कार्यान्वयनको चरणमा जानुपर्छ । जनता अहिलेसम्म प्रधानमन्त्रीको पदमा आसीन हुने सबैले जेलको चिसो हावा खाएको हेर्न आतुर छन् । यो केपी शर्मा ओलीले सुरुवात गरेर यसलाई आफैंसम्म कारबाहीको चरणमा यदि पुऱ्याए भने उनी इतिहासमा कलंकित हुनबाट जोगिन्छन् । अन्यथा उनको मात्रै होइन शेरबहादुर, पुष्पकमल इतिहासको पानामा कालो पोतिने निश्चित छ । के केपी ओली रत्नाकरबाट वाल्मीकि बन्न खोजेका हुन् ? यो जिज्ञासा जागेको छ । अख्तियारले माधव नेपालको नाममा अदालतमा मुद्दा दर्ता गरेपछि आकाश नै खसेको जस्ता समाचार सम्प्रेषण भएका छन् । समाचार माधव नेपाल समर्थितभन्दा अख्तियारको कदमको समर्थनमा अत्यधिक देखिन्छन् । भ्रष्टाचारमा ठूलाबडाहरूले यसअघि उन्मुक्ति पाउँदै आएकोमा त्यसको क्रमभंगताले नेपालीहरू भविष्यप्रति आशावादी भएका छन् । भ्रष्टाचार ठूलाबडाबाटै भएको अवस्थामा अहिलेसम्म ठूलाबडाहरू कुनै कारबाहीमा नपरेको अवस्था थियो । भ्रष्टाचार प्रधानमन्त्री र प्रधानन्यायाधीशहरूबाट हुने कारबाही भने खरदार, सुब्बा र शाखा अधिकृतमा सीमित हुने अवस्थाका कारण उच्च पदमा हुनेहरू भ्रष्टाचार गर्ने छुट प्राप्त हुने वर्गमा पर्दथे । यदि यसलाई चिर्ने प्रयासका रूपमा अख्तियारले माधव नेपालबाट सुरुवात गरेको हो भने यो स्वागतयोग्य काम हो तर केपी ओलीद्वारा नियुक्त अख्तियारको प्रमुखले नेपालबाट कारबाहीको सुरुवात गर्दा जनमानसमा भने यो केपी ओलीले माधव नेपाललाई राजनीतिबाट विस्थापित गरेर अब केपी ओलीको विरोध यदि कसैले गर्छ भने नेपालको जस्तै हविगत भोग्नुपर्छ भन्ने नजिर स्थापना गरेर केपी ओली थप निरंकुश बन्ने षड्यन्त्र हो भने माधव नेपालबाट सुरुवात भएको कारबाही ठीक हुँदाहुँदै यसको सन्देश गलत प्रवाहित हुन्छ । अब अहिले सर्वाधिक चर्चित भ्रष्टाचार भनेको भुटानी शरणार्थी, गिरिबन्धु र माओवादी लडाकुको पारिश्रमिक घोटाला काण्डहरू हुन् । के अब अख्तियारका प्रेम राईको नेतृत्वले यी काण्डमा छानबिनको सुरुवात प्रारम्भ गर्नसक्छ ? कानुनको दृष्टिमा सबै समान भन्ने शब्द व्यवहारमा समान लागू हुने हो भने पूर्व र वर्तमान प्रधानमन्त्रीहरू सबैले जेलमा बाँकी जीवन बिताउनुको कुनै अर्को विकल्प छैन र हुनु पनि हुँदैन ।

***–अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आध्यात्मतर्फ रुचि बढ्नेछ। कार्यक्षेत्रमा गल्तीको विश्लेषण गर्ने समय रहेको छ। | **तुला**: शुभकार्यको चर्चा चल्नेछ । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **वृष** : पायक स्थानमा भ्रमणका योग छन्। वैदेशिक रोजगारमा सफलता मिल्नेछ। | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **मिथुन** : रचनात्मक कार्यमा सफलता मिल्नेछ। खानपानमा ध्यान पुऱ्याउनुहोला। | **धनु** : वैदेशिक कार्य अघी बढ्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । |
| **कर्कट** : विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ । | **मकर** : प्रगतिमा मन रमाउनेछ । कार्य वा रोजगारको अवसर मिल्नेछ । |
| **सिंह** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । कार्यमा व्यवधान आइपर्ला । | **कुम्भ** : कामबाट दोहोरो लाभ मिल्नेछ । काममा सफलता हात पर्नेछ । |
| **कन्या** : नयाँ कार्यको योजना बन्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । | **मीन** : नयाँ कार्यतर्फ समय रहेको छ। जीवनशैलीमा ठूलो परिवर्तन ल्याउन सकिनेछ। |

कला मनोरञ्जन

# ऐतिहासिक बन्यो सिकागोको पहिलो नेपथ्य साँझ



घामको उज्यालो छँदै सेफिल्ड एभिन्यु वरपर चहलपहल सुरु भइसकेको थियो । सन् १९१२ को फ्रान्सेली पुनर्जागरण शैली बोकेर उभिएको 'भिक (भिक्टोरिया) थिएटर' बाहिर लामबद्ध दर्शक नेपाली लोकरक अनुभव गर्न व्यग्र देखिन्थे । जब ७ बजे ढोका खुल्यो उल्लासका साथ उनीहरू हलभित्र छिरे । ठिक ८ बजे चर्को आवाज र बत्तीको झिलिमिलीसहित सुरु भयो नेपथ्य कन्सर्ट । अर्केस्ट्राका हलहरूदेखि लिएर ब्रोडवेका थिएटरसम्म धुम मच्चाएको सिकागो आफैँमा कला र संस्कृति प्रस्तुतिका लागि विश्व प्रसिद्ध नाम हो । त्यसै सहरमा पहिलोपटक उभिएको नेपथ्यले कोशी नदीको कथा-व्यथा बोकेको डिल्ले दमाईंका सिर्जनालाई याद गर्दै साँझको थालनी गर्‍यो- 'कोशीको पानी यो जिन्दगानी, सललल बहिजाने हाउ हजुर' । नेपाली सङ्गीतसँग परिचित आयरल्यान्ड मूलका डेनिस काभनाग पनि संजोगले हलभित्रै उपस्थित थिए । 'परम्परागत नेपाली धुनहरू सुन्दै आएको हुँ,' नेपाली साथीहरूले नेपथ्य कन्सर्टबारे जानकारी दिएपछि ब्राजिलियन गर्लफ्रेन्डका साथ आएका डेनिस भनिरहेका थिए, 'यस ब्यान्डले यहाँ गाइरहेको भने विशुद्ध रक धुन हो, जसमा नेपाली लोक शैलीको मिठो समागम छ । कन्सर्ट हेरेपछि आफूलाई नेपथ्य ब्यान्ड गजब लागेको सुनाए । यसले सिङ्गो हलमा उत्पन्न गर्ने ऊर्जाले झनै मोहित भएको उनको थप प्रतिक्रिया थियो । आफूले गायक अमृत गुरुङमा कता-कता अमेरिकी लोकगायक बब डिलनको झल्को भेटेको पनि डेनिसले उल्लेख गरे । यसपटक सात अमेरिकी सहरलाई लक्ष्य गरेर महिनादिन लामो यात्रामा निस्केको नेपथ्यले मे १७ मा टेक्सासको अस्टिनबाट शृंखलाको सुरुवात गरेको थियो । त्यसपछि सियाटल, लस एन्जलस, पिट्सबर्ग हुँदै पाँचौं प्रस्तुतिका लागि नेपथ्य सिकागो आइपुगेको हो । सिकागोमा नेपथ्यका हिट गीतहरूदेखि लिएर राष्ट्रिय गीतहरूसम्म प्रस्तुत गरिएका थिए । ब्यान्डले भर्खरै सार्वजनिक गीत 'कर्नालीका छाइला' पनि सुनाएको थियो । कन्सर्ट हेर्नेकै भीडमा छ घण्टा मोटर हाँकेर मिनेसोटादेखि आएका रामकुमार राई पनि थिए । उनै राम दुई वर्षअघि नेपथ्य कन्सर्ट हेर्न मिनेसोटाबाटै तीन घण्टाको विमान यात्रा गरेर क्यानाडाको टोरन्टो पनि पुगेका रहेछन् । 'मेरा बुवाले असाध्यै मन पराउने ब्यान्ड हो यो । घरमा थुप्रिएका नेपथ्यका क्यासेट चक्का सुन्दै हामी हुर्केका हौं,' मूलथलो इलामका राम भन्दै थिए, 'यस ब्यान्डले सङ्गीत मात्र नभई हाम्रो भाषा र पहिचानको प्रवर्धन गर्ने मुख्य उद्देश्य पनि बोकेकाले मलाई विशेष लाग्छ ।' नेपथ्यले विश्वकै महत्त्वपूर्ण सहरहरूमा इज्जतिलो उपस्थिति जनाउने नेपाली ब्यान्डका रूपमा पनि आफूलाई विकास गरेकामा अत्यन्तै गर्व लागेको पनि उनले सुनाए । सिकागोमा प्रस्तुति दिने क्रममा गायक अमृतले नेपालको पर्यटकीय महत्त्वदेखि लिएर सामाजिक न्याय अनि स्वदेशप्रति नयाँ पुस्ताको दायित्वजस्ता विषयमा धारणा पनि राखेका थिए । त्यस्ता क्षणमा दर्शकले हौसलाका साथ उनलाई साथ दिएको देखिन्थ्यो । आफूले भाषा नबुझे पनि अमेरिकामा रहेका नेपाली समुदायले आफ्नो पहिचानलाई कसरी माया गर्दो रहेछ भन्ने महसुस गर्ने मौका कन्सर्टमा पाएको वियतनामिज अमेरिकन सिड्नी फानले बताइन् । साथीसँग कन्सर्ट हेर्न आएकी उनले थपिन्, 'हलका दर्शकको प्रतिक्रियाबाटै मैले मञ्चका कलाकारले पक्कै पनि प्रेम र शान्तिको गीत गाइरहेको हुनुपर्छ भनेर अनुमान लगाएकी थिएँ ।' मञ्चमा मुख्य गायक तथा अगुवा अमृत गुरुङलाई ड्रमसेटमा लामा, बेस गितारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाएका थिए । कन्सर्टपछि हलबाट रमाउँदै बाहिरिएका दर्शकले गरेको प्रशंसाले स्थानीय आयोजक टिमका मनीष चौधरी प्रफुल्ल देखिन्थे । 'सिकागोमा बस्ने नेपालीका निम्ति प्रस्तुतिको स्तर र सहभागिता दुवैको हिसाबले यो ऐतिहासिक आयोजना हुन पुग्यो' मनीषको भनाइ थियो । नेपथ्य अब म्यासाचुसेट्स राज्यको राजधानी बोस्टन सहरतर्फ लाग्नेछ । यस सहरको 'रोयल बोस्टन' हलमा नेपथ्य जुन ११ मा प्रस्तुत हुनेछ । बोस्टनपछि नर्थ क्यारोलाइना राज्यको ग्रिन्सबोरो सहर पुग्नेछ । नेपथ्य पहिलोपटक प्रस्तुत हुन लागेको त्यस सहरको 'पिडमोन्ट हल' मा जुन १४ को साँझ यस वर्षको शृङ्खलाबद्ध अमेरिका यात्राकै अन्तिम प्रस्तुति हुनेछ ।

*-रातोपाटी डटकम*

# 'भ्वाइस किड्स'को चौंथो सिजन शुक्रबारदेखि



टेलिभिजन रियालिटी शो 'भ्वाइस किड्स'को चौंथो सिजन आगामी शुक्रबारदेखि प्रसारण हुने भएको छ । सोमबार नयाँ सिजनको मर्मस्पर्शी प्रोमो सार्वजनिक भएको छ । २ मिनेट लामो प्रोमोले नयाँ सिजनबारे संक्षिप्त झलक दिन्छ । पिता तथा भजन शिरोमणी भक्तराज आचार्यको बहुचर्चित एवं कालजयी गीत 'मुटु जलिरहेछ'मा प्रतियोगीले प्रस्तुति दिइरहँदा उनका छोरा, कोच तथा गायक सत्यराजले आँसु बगाएको दृश्य निकै मर्मस्पर्शी देखिन्छ । स्टेजमा यो गीतमा प्रस्तुति दिइरहँदा कुर्सीबाट कोच मिलन नेवार उठ्छिन् र सत्यराजलाई भक्तराजबारे 'उहाँको गीत संगीत सदा अमर छ' भनेर भन्छिन् । माहोल मार्मिक देखिन्छ । 'बुवाको संगीत ७, ८ वर्षको बच्चामा जीवित छ भनेपछि हामीले केही गर्न सकेका छैनौं' सत्यले भनेका छन् । कोच खेम सेन्चुरी र मेलिना राई पनि त्यहाँ छन् र सत्यलाई ढाडस दिइरहेका छन् । सत्यले यो सिजनबाट कोचको रुपमा भ्वाइस ज्वाइन गरेका हुन् । त्यसपछि भ्वाइसओभर सुनिन्छ- 'गीत गाउन सहज होला । महसुस गराउन निकै कठिन छ । तरपनि यो मंच अब तयार छ । गीतहरू महसुस गराउन ।' प्रोमोमा उल्लेख भएअनुसार जेठ ३० देखि चौंथो सिजन प्रत्येक शुक्रबार र शनिबार राती ८ बजे प्रसारण हुनेछ ।

*-अनलाइन खबर डटकम*

# 'महाभोज'को पोखरा प्रिमियर




प्रदर्शनमा आउन लागेको फिल्म 'महाभोज'को काठमाडौंपछि तालनगरी पोखरामा प्रिभ्यू प्रिमियर गरिएको छ । सोमबार पोखरा सिनेप्लेक्समा आयोजित प्रिमियरमा फिल्मका निर्देशक दिनेश राउत, निर्माता हिमाल कडरिया, प्रमुख कलाकारहरू आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, बुद्धि तामाङ लगायतको उपस्थिति थियो । प्रिमियरमा पोखरा महानगरका मेयर धनराज आचार्य, प्रमुख जिल्ला अधिकारी दुर्गादेवी शर्मासहित केही सहकारी पीडितहरूले फिल्म हेरेका थिए । फिल्म हेरिसकेपछि अधिकांशले यसको कथावस्तु, प्रस्तुति शैली र कलाकारहरूको अभिनयको मुक्तकण्ठले प्रशंसा गरे । सहकारी पीडितहरूले भने आक्रोशपूर्ण स्वरमा फिल्मले विगतमा 'आगो' फिल्मले जस्तै विद्रोह जन्माउन सक्ने बताए । 'महाभोज' सहकारी ठगी प्रकरणको कथामा बनेका कारण कतिपयले यसलाई हाल यही प्रकृतिको मुद्धामा कारागारमा रहेका पूर्व गृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथिको प्रहारको रुपमा समेत लिएका छन् । तर, पोखरा प्रिमियरमा उपस्थित भएका कास्की जिल्लाका एकजना युवा रास्वपा नेताले पार्टी सभापतिप्रति फिल्मले कुनै प्रहार नगरेको धारणा व्यक्त गरे । उनले भने, 'सहकारी अहिले देशको जल्दोबल्दो विषय हो । तर, फिल्मले पार्टी सभापतिलाई घोचेको छ भन्ने चाहिँ मलाई लाग्दैन । त्यो हिसाबले म हेर्दिनँ । म कुन दृष्टिकोणबाट चाहिँ हेर्छु भने जति पनि अप्ठ्यारोमा परेका सहकारीहरु छन्, त्यहाँ एक व्यक्ति हाबी भएर समस्या उत्पन्न भएको हो । फिल्मले पनि एउटा टाउकोले गर्दा कर्मचारी र अन्य व्यक्तिहरु अप्ठ्यारोमा परेको देखाएको छ ।' पोखरापछि अब 'महाभोज'को बुटवल, विराटनगर र धरानमा पनि प्रिमियर आयोजना गर्ने तयारीमा निर्माण पक्ष छ । यो फिल्ममा दयाहाङ राई, आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ, वसुन्धरा भुसाल, मोहन निरौला लगायतको अभिनय रहेको छ । विकास सुवेदीको लेखन रहेको फिल्मको मंगलबारबाट अग्रिम टिकट बिक्री खुला भइसकेको छ ।

*-फिल्मी खबर डटकम*

# 'सोल्टिनी'को 'सत्य जुगैको' सार्वजनिक



आगामी असोज ३ गतेदे संविधान दिवसको अवसर पारेर सिनेमा घरमा आउने मिति तय गरेको चलचित्र 'सोल्टिनी'को पहिलो गीत 'सत्य जुगैको' सार्वजनिक भएको छ । सार्वजनिक गीत पूर्वेली मारुनी भाकामा आधारित छ । गीतमा प्रशान्त सिवाकोटी र अस्मिता अधिकारीको स्वर छ । गीतको संगीत तथा शब्द प्रशान्त सिवाकोटीले नै सिर्जना गर्नुभएको हो । भोजपुरमा छायांकन गरिएको यस गीतको भिडियोमा अभिनेता प्रकाश सपुत र अभिनेत्री परीक्षा लिम्बुसँगै कलाकारहरू सुन्दर धिताल र सब्बु गुरुङले नृत्य प्रस्तुत गर्नुभएको छ । गीतको कोरियोग्राफी मौसम हिमालीले गर्नुभएको हो । अर्जुन सुवेदीको निर्देशन रहेको यो चलचित्र इलाम बजार, बिब्ल्याँटे, कन्याम, बिर्तामोड, पथरी र भोजपुरका रमणीय दृश्यहरूमा छायांकन गरिएको छ । निर्देशक सुवेदीका अनुसार यस चलचित्रले दर्शकलाई फरक स्वादको कथासँग जोड्नेछ । चलचित्रले समाजमा व्याप्त अमानवीयता र जातीय भेदभावका विरुद्ध आवाज उठाउनेछ भने दुई प्रमुख पात्रबीचको प्रेम कथा यसको मुख्य आकर्षण रहेको छ । प्रकाश सपुत र परीक्षा लिम्बुको जोडी पहिलो पटक यस चलचित्रमार्फत एकसाथ पर्दामा देखिँदैछ । चलचित्रमा नेपाली चलचित्र क्षेत्रका चर्चित कलाकारहरूको बाक्लो उपस्थिति छ । यसमा प्रकाश र परीक्षाको साथमा विल्सनविक्रम राई, सब्बु गुरुङ, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुन्दर धिताल, सुजन खतिवडालगायत कलाकारको अभिनय छ । 'सोल्टिनी'का गीतहरूमा संगीत प्रशान्त सिवाकोटी र हर्कुलस बस्नेतले दिनुभएको छ भने छायांकन सुशन प्रजापतिले गर्नुभएको हो । चलचित्रलाई अर्जुन सुवेदी र कुमार भट्टराईले लेख्नुभएको हो । प्लानेट थ्री फिल्मस् र योलो इन्टरटेन्मेन्टको सहकार्यमा बनेको यो चलचित्रका निर्माताहरू रेजिना विष्ट र संसार चौलागाईं हुनुहुन्छ । रोयल भीमसेन र ट्राइडेन्ट कन्सेप्टले पोस्टर तथा पब्लिसिटी डिजाइन गर्नुभएको छ भने आरआर फिल्मस् प्रा.लि.ले नेपालमा वितरण गर्नेछ । चलचित्रको डिजिटल अधिकार ओएसआर डिजिटलले खरिद गरेको छ ।

*-इहिमालय टाइम्स डटकम*

# आज नेवार समुदायको पर्व ‘ज्यापुन्ही’

**पाल्पा,** जेठ २७/नेवार समुदायको महत्वपूर्ण पर्व ज्यापुन्ही आज देशभर उल्लाहसका मनाइँदै छ । हरेक वर्षको जेष्ठ शुक्ल पुर्णिमा (तछलाथ्व पुन्ही)लाई नेवास समुदायले एक महत्वपूर्ण पुर्णिमाको रुपमा लिने गर्दछन् । यसै दिनलाई खेतीपाती तथा धान रोपाइँको सुरुवात मानिन्छ ।

यसै दिनबाट आफ्नो चाडपर्व, भोजहरु, तथा पुजाहरु जाने जस्ता कार्यहरुलाई पुर्णविराम दिई सबैजना रोपाइँको काममा व्यस्त हुने भएकोले यस पुर्णिमालाई ज्यापुन्ही अर्थात् कामको सुरुवात हुने पुर्णिमा (रोपाइँको पुर्णिमा) भनिएको हो । यसरी पुर्णिमा देखि सुरु हुने यस रोपाइँ कार्यको अविधिलाई स्थानीयहरु ञ सिनाज्या र सिन्हा ज्याफ भन्ने गर्दछन् । तत्कालीन समयमा आफ्नो वर्षभरीको मुख्य अन्न नै चामल हुने गरेकोले रोपाइँलाई एकदमै महत्व दिएको पाइन्छ । कथन अनुसार



पहिलेको समयमा यस रोपाइँको चटारो बेला घरको कुनै सदस्यको मृत्यु भयो भने पनि सो लासलाई घरको दक्षिण तर्फ राखेर खेतिमा लाग्नु पर्थ्यो र दाहसंस्कार ढिला गरिन्थ्यो । रोपाइँको समयमा राम्ररी रोपाइँ गरिएन भने परिवारमा अन्नको अभावको समस्या आउने भएर मरेर भएपनि मिहेनत गरि काम गर्नुपर्ने भएकोले यस अविधिलाई सिनाज्या: (मर्ने गरि काम गर्न पर्ने कार्य) भनिएको मानिन्छ । यस दिन पाटनको तत्कालीन राजा श्रीनिवास मल्लको राजगद्दी र सिद्धिनरसिंह मल्लले कोरेका श्रीकृष्णको पौभालाई दरबारबाट बाहिर ल्याइ कृष्ण मन्दिरको फलेकमा राखिन्छ ।

## उद्योगले उखु किसानको...

...“घरखर्च चलाएकी छु, दुई हजार पैसा पनि साथमा हुने गरेको छ,” उनले भनिन्, “गाउँमै उद्योग स्थापना भए पनि हाम्रो दैनिकी फेरिएको छ ।” उद्योगमा हाल नियमित पाँच जनाले रोजगारी पाएका छन् । काम गर्ने सबै सहकारीका शेयर सदस्य छन् । उनीहरूको कामको प्रकार हेरिकन मासिक १२ हजारदेखि २५ हजारसम्म प्रदान गरिएको छ । यसरी सबै कामदारको मासिक दुई लाख सहकारीले भुक्तानी गर्ने प्रबन्धक प्रकाश थापाले बताए ।

**चार महिनामै २९ लाखको गुड, खुदो बिक्री** उखुको रसबाट बन्ने परिकार बनाउनको लागि वडा नं ४ मा उद्योग स्थापना भयो । जसमा पालिकाले भवन निर्माणको लागि २० लाख र नवप्रभावत युवा सैद्वारा सञ्चालित रूरू कृषि परियोजनाको समन्वयमा हेफर इन्टरनेशनलले ५२ लाख लगानी छ । उद्योगले स्थापनाको छोटो समयमै राम्रो आम्दानी गरेको छ । उद्योगले उखुको खरिददेखि गुड, खुदो र मिठाइ उत्पादन गरी बिक्री गर्दछ । उत्पादित गुड, खुदो स्थानीय बजारमै खपत हुन्छ । अहिलेसम्म दुई सय ६५ टन उखु प्रशोधनबाट १९ लाखमा ७५ क्विन्टल गुड र १० लाखमा पाँच हजार लिटर खुदो बिक्री भएको सहकारीका प्रबन्धक थापाले बताए । अहिले दैनिक ढाइ क्विन्टल खुदो उत्पादन भइरहेको छ । अहिले पनि १५ हजार लिटर खुदो स्टक रहेको छ । उद्योग स्थापनादेखि हालसम्म दुई सय ६५ टन उखु बिक्रीबाट किसानले ३१ लाख ८० हजार रकम बुझेका छन् । पहिले प्रतिकेजी सात रूपैंयामा बिक्री हुने उखु अहिले उद्योग स्थापना भएसँगै प्रतिकेजी १२ रूपैंयामा बिक्री भइरहेको छ । उखु बिक्रीबाट सबैभन्दा धेरै गङ्गा पुनले दुई लाख ५० हजार आम्दानी गरेकी छन् । “उद्योग स्थापनापछि उखुमा झण्डै दोब्बर मूल्य पाइएको छ,” पुनले भनिन्, “अब बजारको पनि कुनै समस्या छैन ।” रूरूमा हाल रातोकोशेर, थारापाते लगायतका जातका उखु उत्पादन हुने गरेका छन् । लगाएको नौ महिनामा तयार हुने एउटा उखुको घार औषतमा तीन किलो हुने गरेको छ । रूरूक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले किसानको आवश्यकतालाई मध्यनजर गरी उद्योग स्थापना गरको बताए । “कृषि र पर्यटनमार्फत रोजगारी सिर्जना गर्नेतर्फ उन्मुख भइरहेका छौं,” अध्यक्ष ज्ञवालीले भने, “उखु खेती विस्तार गर्नको लागि पालिकाले मल, बीउ र प्रविधिमा सहयोग गरको छ ।” उनले अब बनाउने नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि उखुखेती र उद्योगलाई विशेष प्राथमिकता दिने बताए ।

## व्यस्थित गरिदैं...

...कार्यक्रममा गाउँपालिका उपाध्यक्ष लालबहादुर थापाले पछिल्लो समयमा होमस्टे व्यवसाय फष्टाउदै गएको, पाहुनाहरुले पैसा भन्दा पनि खाना पिनाको साथै बासको राम्रो व्यबस्था, उचित सरसफाई, स्थानीय मौलिक खानपान, कलासंस्कृति खोजेको बताए । “जन्तीलुङ्ग र मरामकोटको वातावरण निकै राम्रो छ, अब स्थानीयवासीले पाहुनलाहरुको मन जित्ने गरी काम गर्नु पर्यो त्यसको लागि पालिकाले होम स्टे प्रवर्द्धन कार्यक्रम ल्याएको हो ” उनले भने । अहिले जन्तीलुङ्गमा आउने बाटो घाटो राम्रो रहेको, झुम्सा, चर्चरे र डुम्रेबाट आधा घण्टामै आउन सकिने भएकाले गाउँको आम्दानी र प्रचार-प्रसार गर्न होमस्टे व्यवसाय उत्तम रहेको पालिका उपाध्यक्ष थापाले बताए । कार्यक्रममा होमस्टे नेपालका केन्द्रीय उपाध्यक्ष धनीश्वर बस्यालले होमस्टे व्यवसायबाट नै गाउँलाई आर्थिक रुपमा बलियो बनाउन सकिने बताए । होमस्टेबाट गाउँको कृषि उत्पादन, पशुपालन, अन्य किसिमका रोजगारीहरु समेत बढ्ने, विदेशमा कमाउने रकम स्वदेशमै कमाउन सकिने अवस्था रहेको होमस्टे नेपालका केन्द्रिय उपाध्यक्ष बस्यालले जोड दिए । कार्यक्रममा सशक्तिकरण विकास नेपाल तानसेन पाल्पाका सचिव सागर पोखरेलले विगतको जन्तीलुङ्ग र हालको जन्तीलुङ्गको फरक अवस्था चर्चा गरेका थिए । सचिव पोखरेलले संस्थाले एक हप्ता सम्म गर्ने कार्यक्रमको उद्देश्य, प्रभाव तथा महत्वको चर्चा गर्दै होमस्टे सञ्चालन, व्यवस्थापन तथा कुक तालिमको बारेमा जानकारी गराएका थिए ।

तिनाउ गाउँपालिकाले होमस्टेमा आउने पाहुनाहरुको लागि जन्तीलुङ्गमा ७ वटा र मरामकोट २ वटा नयाँ घर निर्माण गरिरहेको छ । दुबै वडावासीलाई मौरीपालन तालिम, बंगुर पालन तालिम सञ्चालन गरिसकेको छ भने अबका केही दिनमा तरकारी खेती, बाख्रापालन तालिम, खाना पकाउने कुकु तालिम, अतिथी सत्कार तालिम, पाहुना कोठा सुत्ने कोठाको सजावट तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु सञ्चालन गरिने सशक्तिकरण विकास नेपाल पाल्पाकी अध्यक्ष एन्जिना खनालले बताईन । जन्तीलुङ्ग र मरामकोट अहिले पनि स्थानीयहरुले होमस्टे कार्यक्रम सञ्चालन गरी पाहुनाहरुलाई राख्दै आएका छन् । जन्तीलुङ्ग सामुदायिक होमस्टेमा प्रतिव्यक्ति १ हजार २ सय रुपैयामा स्वागत, साझको खाजा, खाना, लोकल कुखुराको मासु, र विहानको खाजाको प्याकेज रहेको छ । प्राकृतिक रुपमा अति सुन्दर ठाउँ रहेको जन्तीलुङ्ग र मरामकोटबाट हिमालदेखी तराईसम्मका दृश्यहरु अवलोकन गर्न सकिन्छ ।

खेलकुद समाचार

## गुल्सन र सोमपालले टी-२० शृला पनि गुमाउने





**काठमाडौं,** जेठ २७/नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर गुल्सन झा र सोमपाल कामीले टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खला पनि गुमाउने भएका छन् । आईसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत स्कटल्यान्डमा भइरहेको त्रिदेशीय एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खलामा नेदरल्यान्ड्ससँगको खेलअघिको अभ्यासका क्रममा घाइते भएका गुल्सन र सोमपालले टी-२० शृङ्खला पनि गुमाउने नेपाल क्रिकेट सै (क्यान) ले जनाएको छ । लिग-२ को आफ्नो चौथो चरणको शृङ्खलामा नेपालले मंगलबार चौथो तथा अन्तिम खेलमा नेदरल्यान्ड्ससँग खेलिरहेको हो । नेपालले पहिलो खेलमा स्कटल्यान्डलाई १ विकेटले हराएको थियो । दोस्रो खेलमा नेपालले नेदरल्यान्ड्सलाई ५ विकेटले हराएको थियो । तेस्रो खेलमा भने नेपाल स्कटल्यान्डसँग २ रनले पराजित भएको थियो । लिग-२ सकिएपछि नेपाल, घरेलु टोली स्कटल्यान्ड र नेदरल्यान्ड्सबीच टी-२० शृङ्खला शुरू हुनेछ । विकेटकिपर एवं ओपनिङ ब्याटर आसिफ शेख, गुल्शन झा र सोमपाल कामी आजको टोलीमा छैनन् । गुल्सन र सोमपाल चोटले टोलीबाट बाहिरिएका हुन् । आजको खेलमा नेपाली टोलीमा कप्तान रोहितकुमार पौडेल, दीपेन्द्र सिंह ऐरी, कुशल भुर्तेल, अनिल साह, भीम सार्की, बसिर अहमद, आरिफ शेख, नन्दन यादव, करण केसी, सन्दिप लामिछाने र ललित राजवंशी छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से उच्च अंकले बढ्यो



**पाल्पा,** जेठ २७/सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार उच्च अकले बढेको छ । अघिल्लो कारोबार दिन सोमबार २३ दशमलव १९ अंकले बढेको नेप्से परिसूचक साताको तेस्रो दिन २५ दशमलव ०७ अंकले बढेर २ हजार ६ सय ७८ दशमलव १७ विन्दुमा पुगेको हो ।

नेप्से उच्च अंकले बढेसँगै कारोबार रकम पनि सोमबारको तुलनामा वृद्धि भएको छ । यसदिन ३ सय ११ स्क्रिप्सको २ करोड ३६ लाख ९७ हजार १ सय ४५ कित्ता सेयर १० अर्ब १६ करोड ९ लाख ८१ लाख ७६ रुपैयाँमा खरिदबिक्री भए । सोमबार ८ अर्ब ६८ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । दोहोरो अंकले बढेको बजारमा दुईवटा कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । पियोर इनर्जी र श्री इन्भेस्टमेन्ट फाइनान्सको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । यसैगरी समृद्धि फाइनान्सको ८ दशमलव ३८ प्रतिशतले बढ्दा जानकी फाइनान्स र रिलाइन्स फाइनान्सको सेयर ६ प्रतिशत बढीले वृद्धि भयो । कारोबार रकमका आधारमा हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी शीर्षस्थानमा रह्यो । सो कम्पनीको ५८ करोड मूल्य बराबरको सेयर कारोबार भयो । अरुण कावेलीको ५३ करोड,राधी विद्युतको ४६ करोडको सेयर कारोबार भयो । कारोबारमा आएकामध्ये १९६ स्टक्सको मूल्य बढ्दा ५२ वटाको घट्यो । सबै समूहको उपसूचक सकारात्मक देखिएका छन् । फाइनान्स समूहको उपसूचक सर्वाधिक ५ दशमलव १२ प्रतिशतले बढ्यो ।

मनको आवाज............
‘नाम पनि यूनिक, काम पनि यूनिक’
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई